# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

भाषा मानवीय सञ्चार प्रणाली हो । भाषा विचार विनिमयको परम्परित माध्यम हो । जसको प्रयोग प्रचलित ध्वनि सङ्केत वा लिपिचिह्नद्वारा हुने गर्दछ । यसलाई इच्छित भाव लक्षित तहसम्म पुऱ्याउने साधन मानिन्छ । भाषा आर्जन र प्रयोगमा आधारित मानवीय व्यवहार हो । घर-परिवार एवम् समाजबाटै सिकिने र समाजमै प्रयोग व्यवहार गरिने भएकाले यसलाई सामाजिक वस्तु वा सम्पत्तिका रूपमा लिइन्छ । यसमा समुदायको जीवनशैली र विश्वास लुकेको हुन्छ । मानवीय अनुभव, अन्तर्सोचाइ, अनुभूति, मूल्य वा मान्यता आदिको अभिव्यक्तिका लागि यसको प्रयोग गरिन्छ । यो उच्चारण, सञ्चार, श्रवण, लेखन, पठन एवम् पदीय कार्यकलापको गतिशील प्रतिफल हो । जसका माध्यमबाट मानिसले आफूलाई विगत, वर्तमान र भविष्यसँग जोड्न सक्दछ (भुसाल, २०७१, पृ. १) ।

भाषा शिक्षण भाषा प्रयोगका सीपहरूको शिक्षण हो । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । सुनाइ र पढाइ आदानात्मक/ग्रहण सीप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक/अभिव्यक्ति सीप हुन् । भाषाका चार सीपको अन्योन्याश्रित सम्बन्ध रहेको छ । यी चार सीपमध्ये लेखाइ सीपअन्तर्गत निबन्ध लेखन पर्दछ । लेखन सीपका विभिन्न क्रियाकलापमा आधारित भई लेखन कला शिक्षण गरिन्छ । सिकारुमा शैक्षिक, प्राज्ञिक र व्यावहारिक तथा मौखिक अभिव्यक्तिका कुरा लेख्य रूपमा प्रस्तुत गर्ने क्षमता दिलाउन स्वतन्त्र वा सिर्जनात्मक लेखन सामर्थ्य बढाउन उपयुक्त लेख्य चिह्न र लिपिको प्रयोग गरी स्तरीय लेखन सीप प्राप्त गराउन लेखन कलाको शिक्षण गरिन्छ ।

'निबन्ध' संस्कृत भाषाबाट नेपाली आएको तत्सम शब्द हो । संस्कृतको 'बन्ध्' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको 'बन्ध' शब्दमा 'नि' उपसर्ग लागेपछि (नि+बन्ध् +घञ् = निबन्ध) निबन्ध शब्द तयार हुन्छ (बराल, २०५५, पृ. ३८२) । यस शब्दको व्युत्पत्तिगत अर्थ बाँध्नु, सङ्ग्रह गर्नु, जुटाउनु भन्ने हुन्छ ।

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग प्राचीन समयदेखि हुँदै आएको भेटिन्छ । 'महाभारत' को 'श्रीमद्भागवत् गीता' खण्डमा कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा

दार्शनिक सन्दर्भमा आत्मालाई सांसारिक मायावी जालमा बाँध्ने र राख्ने आसुरी सम्पत्तिका अर्थमा निबन्ध शब्दको प्रयोग गरिएको छ (सुवेदी, २०४३, पृ. ६) ।

निबन्ध आफैँमा पूर्ण र स्वतन्त्र पहिचान भएको गद्य साहित्यिक विधा हो । निबन्ध आत्मपरक र वस्तुपरक गरी दुई किसिमले लेख्न सकिन्छ । निबन्ध प्रारम्भिक कक्षादेखि बालबालिकालाई कुनै विषयवस्तुका बारेमा परिचित गराइ लेख्न लगाइन्छ । निबन्ध लेखनबाट बालबालिकाको भाषिक शुद्धता हुन्छ । निबन्ध लेखनबाट लेखन कलाको समुचित विकास हुन्छ । साथै विभिन्न भाषिक तथा शैलीगत अनुभव प्राप्त हुन्छ । तसर्थ कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन सीपको विकासमा यस कार्यले थप सहयोग पुगेको छ ।

## १.२ समस्याकथन

लेखाइ सीपको विभिन्न कार्यकलापमध्ये निबन्धलेखनलाई पनि महत्त्वपूर्ण मानिन्छ । विषयवस्तुको सङ्गठन र उत्पादनात्मक क्षमताको विकासमा निबन्धलेखनले सहयोग पुऱ्याउँछ । भाषिक सीप र भाषातत्वको एकीकृत रूपमा परीक्षण गर्न निबन्धलेखन सहयोगी छ । विद्यालय तहमा निबन्धलेखनको प्रशस्त शिक्षण र लेखन अभ्यास हुन सकेको छैन । अझ तल्ला कक्षाहरूमा विद्यार्थीहरू लेखन कलामा अत्यन्तै कमजोर देखिन्छन् । यसर्थ कक्षा सातका विद्यार्थीमा पनि लेखनसम्बन्धी विभिन्न समस्या र कमजोरी रहने कारण यस अध्ययनको समस्या पहिचान गरिएको छ । कञ्चनपुर जिल्लाका विद्यार्थीमा थारु भाषा लगायत बैतडेली, दार्चुलेली, डोटेली भाषाको प्रभाव रहने कारण लेखनमा समस्या देखिन्छ । यिनै विविध समस्याको कारण यस अध्ययनका लागि कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको लेखनगत समस्यालाई मुख्य आधार स्तम्भ मानिएको छ ।

कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखनसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार उल्लेख गरिने छ :

(क) कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

(ख) विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

(ग) लैङ्गिकताका आधारमा प्राथमिक तहमा उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

## १.३ उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य निम्नानुसार रहेका छन् :

(क) कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु,

(ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिल्याउनु,

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिचान गर्नु ।

## १.४ अध्ययनको औचित्य

भाषा विचार विनिमयका लागि मानव जातिले उपयोग गर्ने प्रमुख साधन हो । भाषा प्राचीन समयमा कथ्य रूपमा प्रयोग गरिन्थ्यो । भाषा एक पुस्ताबाट अर्को पुस्तामा भाषाको हस्तान्तरण हुने गर्थ्यो भने पछि आएर लेख्य रूपमा भाषाको प्रयोग भयो । लेख्य रूपले भाषालाई बचाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शैक्षिक तथा प्रशासनिक कार्यमा लेख्य भाषालाई बढी प्राथमिकता दिइन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भाषालाई चिनाउन लेख्य भाषाको महत्त्वपूर्ण भूमिका रहेको छ । लेखाइ सीपको विकास गर्न निबन्धलेखन प्रमुख क्रियाकलापको रूपमा रही आएको छ । प्राथमिक तहदेखि नै बालबालिकाको संज्ञानात्मक क्षमताको पहिचान गर्ने प्रमुख आधार निबन्धलेखन भएकाले यस अध्ययनमा विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई महत्त्वपूर्ण स्थान दिएको छ ।

साहित्यका विभिन्न विधामध्ये निबन्ध विधा पनि एक महत्त्वपूर्ण विधा हो । निबन्ध त्यस्तो साहित्यिक रचना हो जुन एउटा विषयमा मात्र केन्द्रित हुन्छ । निबन्धलेखन स्वतन्त्र, वैचारिक विधा हो । निबन्धलेखन प्राथमिक तहदेखि उच्च तहसम्म यसको प्रयोग गरिन्छ । विद्यार्थीको स्तरअनुसार निबन्ध पनि फरक हुने गर्दछ । निबन्ध प्रौढ विधा भएकाले यसका लेखक र पाठक मानसिक रूपमा प्रौढ हुनुपर्छ । निबन्ध लेखनलाई अतिरिक्त क्रियाकलापका

रूपमा पनि लिन सकिन्छ । यसो गर्दा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्न सकिन्छ । निबन्धलेखनलाई अतिरिक्त क्रियाकलापका रूपमा पनि लिन सकिन्छ । यसो गर्दा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्न सकिन्छ । त्यसैगरी मार्गदर्शन दिन, निबन्धलेखनसँग सम्बन्धित कमीकमजोरी भएमा सुधार गर्न निबन्धलेखन कार्य गरिन्छ । निबन्धलेखनमा भाषिक तथा शैलीगत अनुभव प्राप्त हुन्छ । निबन्धलेखनबाट शब्दभण्डारको अभिवृद्धि गर्न चुस्त दुरुस्त अभिव्यक्तिमा स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन, क्रमिकताको निर्वाह गर्न तथा प्रसङ्ग र भावले मागेको भाषागत सामर्थ्यको विकासमा सहयोग गर्छ । निबन्ध लेखनबाट बोध र अभिव्यक्ति क्षमताको विकास हुन्छ । निबन्ध लेखनबाट भाव, विचार र प्रतिक्रिया सिलसिला मिलाएर व्यक्त गर्न सहयोग पुऱ्याउँछ ।

## १.५ शोधको सीमाङ्कन

प्रस्तुत शोधको सीमा निम्नानुसार रहेको छ :

(क) कञ्चनपुर जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा दशवटा विद्यालयका १०० जना विद्यार्थीको अध्ययनमा सीमित रहेको छ ।

(ख) प्रत्येक विद्यालयबाट दश/दशजना विद्यार्थीहरूमा अध्ययन सीमित रहेको छ ।

(ग) कक्षा सातमा अध्ययनरत छात्र/छात्रामा अध्ययन सीमित रहेको छ ।

(घ) नमुना जनसङ्ख्याबाट प्राप्त तथ्यका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : समग्रमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको अध्ययन

अध्याय छ : लैङ्गिकताका आधारमा निबनधलेखन क्षमताको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अध्ययन अनुसन्धान तयार पार्नको लागि विभिन्न सम्बन्धित विषयमा लेखिएका पत्रपत्रिका, ग्रन्थ, पुस्तक, सान्दर्भिक सामग्री तथा पूर्वशोधहरूको गहन अध्ययन गर्नुपर्दछ । त्यसैले प्रस्तुत अध्ययन 'कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्र तथा पुस्तकको गहन अध्ययन विश्लेषण गरिएको छ । जुन निम्नानुसार रहेको छ :

### २.१.१ पुस्तक तथा लेखको पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनसँग सम्बद्ध केही प्रमुख पुस्तकहरू तथा लेखको समीक्षा निम्नानुसार गर्न सकिन्छ :

न्यौपाने (२०६५) द्वारा लिखित *नेपाली नाटक, एकाङ्की र निबन्ध* नामक पुस्तकमा निबन्धका बारेमा बृहत् रूपमा चर्चा गरिएको छ । उक्त पुस्तकमा निबन्धको परिभाषा, निबन्धका आवश्यक तत्वहरू, निबन्धको वर्गीकरण, निबन्ध र प्रबन्ध, नेपाली निबन्धको विकासक्रम जस्ता पक्षहरू विभिन्न शीर्षक र उपशीर्षकमा समावेश गरिएको पाइन्छ । यो पुस्तक प्रस्तुत शोधका लागि उपयोगी रहेको छ ।

अधिकारी (२०६८) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा नेपाली भाषा शिक्षणका विभिन्न पक्षमा व्याख्या गरिएको छ । त्यसमा लेखाइ सीपको महत्त्व र आवश्यकता लेखाइमा पाइने त्रुटिहरू, लेखाइ शिक्षणका कार्यकलापहरू आदि विषय समेटिएका छन् । लेखाइ सीप शिक्षणका सम्बन्धमा विशेष चर्चा गरिए पनि यस पुस्तकमा लेखन क्षमताको सम्बन्धमा भने चर्चा नभएको पाइन्छ । यो पुस्तक प्रस्तुत शोधका लागि उपयोगी रहेको छ ।

ढकाल र खतिवडा (२०६९) द्वारा लिखित *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा निबन्ध शिक्षणको परिचय, निबन्ध शिक्षणको प्रयोजन, निबन्ध शिक्षणको विधि र

निबन्ध शिक्षणका क्रममा प्रस्तावना, वाचन, शब्दभण्डारसम्बन्धी कठिनाइ, निवारण र बोध प्रश्नोत्तर जस्ता पक्षको चर्चा गरिएको पाइन्छ । यस पुस्तकमा निबन्ध लेखनसम्बन्धी धेरै कुराहरूको प्रस्तुति दिइएकाले प्रस्तुत अध्ययन शोधका लागि उपयोगी रहेको छ ।

पौडेल (२०७०) द्वारा लिखित *भाषिक विधा शिक्षण* नामक पुस्तकमा नेपाली साहित्यका विभिन्न विधा शिक्षणका बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा निबन्ध शिक्षणको प्रयोजन लेखन कलाको विकास गर्नु हो भन्दै निबन्ध शिक्षण गर्दा अपनाउनुपर्ने प्रचलित विधिहरूमा प्रवचन विधि, छलफल/प्रश्नोत्तर विधि, सुत्र विधि, स्वाध्ययन र मन्त्रणाविधि, समीक्षा विधि, पठनबोध विधि, प्रस्तुतीकरण विधि जस्ता विधिको चर्चा गरिएको छ । यो पुस्तक प्रस्तुत शोधको लागि उपयोगी रहेको छ ।

ओझा (२०७१) द्वारा लिखित *आधुनिक नेपाली निबन्ध र समालोचना* नामक पुस्तकमा निबन्ध सिद्धान्तका बारेमा बृहत् रूपमा चर्चा गरिएको छ । उक्त पुस्तकको एकाइ एकमा निबन्ध सिद्धान्तको बारेमा चर्चा परिचर्चा गरिएको छ । उक्त पुस्तकमा निबन्धको व्युत्पत्ति र अर्थ, निबन्धको परिभाषा, निबन्धको स्वरूप, निबन्धका प्रकार, निबन्ध र साहित्यका अन्य विधा र निबन्धको विकासक्रम जस्ता उपशीर्षकहरूमा यस पुस्तकमा निबन्धका बारेमा सैद्धान्तिक चर्चा गरिएको छ । उक्त पुस्तकले निबन्धको परिचयदेखि लिएर निबन्धको विकासक्रमसम्म चर्चा गरेर निबन्धका बारेमा जानकारी दिइएको छ । त्यसैले उक्त पुस्तक यहाँ शोधका लागि उपयोगी रहेको छ ।

### २.१.२ शोधपत्रहरूको समीक्षा

बेल्वासे (२०६९) द्वारा 'अर्घाखाँची जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताअन्तर्गत शीर्षक परिचय, विषयवस्तुको संयोजन, प्रस्तुतीकरण, वाक्यगठन र भाषाशैलीको अध्ययन गर्नु, उक्त कक्षाका विद्यार्थीहरूको छात्र र छात्राहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता केकस्तो छ अध्ययन गर्नु, विद्यार्थीहरूमा देखिएका निबन्धलेखनसम्बन्धी कठिनाइहरूको अध्ययन गर्नु, उक्त कक्षाका विद्यार्थीहरूको निबन्धलेखनमा सुधारका निम्ति आवश्यक सल्लाह र सुझाव दिनु जस्ता

उद्देश्य राखिएको छ । प्रस्तुत अध्ययनमा जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट विधिलाई प्रमुख विधिका रूपमा लिइएको छ । सरकारी विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्दा सरकारीका तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको छ । निबन्धलेखनको सैद्धान्तिक पक्ष, अध्ययनको व्याख्या विश्लेषणको लागि, व्यावहारिक ज्ञानलाई सहयोग पुऱ्याएको छ । उक्त अध्ययनसँग सम्बन्धित पक्षलाई आधार मान्दै नवीन पक्षको खोजीमा सहयोग पुगेको छ ।

लामा (२०६९) द्वारा 'काभ्रेपलाञ्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षक शोधकार्य गरिएको छ । उक्त शोधमा काभ्रेपलाञ्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा संस्थागत र सामुदायिक, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र विमातृभाषी र लैङ्गिक आधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमा देखिएका निबन्धलेखन सम्बन्धी समस्याहरू पहिचान गर्नु, निबन्धलेखन सम्बन्धमा देखापरेका समस्या निराकरण गर्न आवश्यक उपाय पहिल्याउनु जस्ता उद्देश्य राखिएको छ । प्रस्तुत अध्ययनमा जनसङ्ख्याको पहिचान र प्रतिनिधि नमुना छनोट विधिलाई प्रमुख विधिका रूपमा लिइएको छ । उक्त अध्ययनमा नमुना जनसङ्ख्याका रूपमा काभ्रेपलाञ्चोक जिल्लाका सामुदायिक र संस्थागत गरी ६ वटा विद्यालयका १५/१५ जनाका दरले ९० जना विद्यार्थीहरूको अध्ययन गरिएको छ । प्राप्त तथ्याङ्कलाई मध्यमान, मानक विचलन निकालेर विश्लेषण गरिएको छ । संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा अति उच्च रहेको देखिन्छ । निबन्धलेखनको सैद्धान्तिक पक्ष, अध्ययन विधिमा सहयोग पुऱ्याउने छ । उक्त अध्ययनसँग सम्बन्धित पक्षलाई आधार मान्दै नवीन पक्षको खोजीमा सहयोग पुगेको छ ।

डाँगी (२०७१) द्वारा 'सल्यान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा सल्यान जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा र लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको अध्ययन जस्ता उद्देश्य रहेका छन् । प्रस्तुत अध्ययनमा प्रतिनिधि नमुना छनोट, जनसङ्ख्या पहिचान,

सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिहरूको प्रयोग गरिएको छ । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको देखिन्छ । प्रस्तुत अध्ययनले निबन्धको परिचय, प्रकार, विधिमा सहयोग पुऱ्याएको छ ।

जोशी (२०७२) द्वारा 'बभाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा बभाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्ने र निबन्धलेखनसम्बन्धी आवश्यक सुझाब समेत उल्लेख गरिएको छ । उक्त शोधकार्यमा नमुना जनसङ्ख्याका रूपमा बभाङ जिल्लाका तीन सामुदायिक विद्यालय र तीन संस्थागत विद्यालय समावेश गरी सामुदायिक विद्यालयबाट ३० र संस्थागत विद्यालयबाट ३० गरी जम्मा ६० जना विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गरिएको छ । प्रस्तुत अध्ययनमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत र छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको छ । यस शोधको अध्ययनले यस शोधकार्यको लागि उपयोगी हुने भएकाले यस शोधपत्रको अध्ययन गरिएको छ ।

गिरी (२०७३) द्वारा 'दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउनु र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्य राखिएको छ । प्रस्तुत अध्ययनमा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधिलाई प्रमुख विधिका रूपमा लिइएको छ । उक्त अध्ययनमा नमुना जनसङ्ख्याका रूपमा दाङ जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका १०/१० जनाका दरले १०० जना विद्यार्थीहरूको अध्ययन गरिएको छ । प्राप्त तथ्याङ्कलाई मध्यमान र समूहगतका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्क के कति भिन्नता छ भनेर पत्ता लगाउन मानक विचलन समेत निकालेर विश्लेषण गरिएको छ । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो देखिन्छ । यस शोधको अध्ययनपश्चात प्रस्तुत अनुसन्धानका लागि यसले सहयोग गरेको छ ।

घर्ती (२०७४) द्वारा 'रोल्पा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्य स्नातकोत्तर तह, दोस्रो वर्षको प्रयोजनअनुसार नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत गरिएको छ । उक्त शोधमा रोल्पा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूमा देखिएका निबन्धलेखनसम्बन्धी कमीकमजोरीहरूको पहिचान गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । प्रस्तुत अनुसन्धानमा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययनलाई प्रमुख विधिको रूपमा प्रयोग गरिएको पाइन्छ । उक्त अध्ययनमा नमुना छनोटका रूपमा रोल्पा जिल्लाका विभिन्न क्षेत्रमा सामुदायिक दुई र संस्थागत दुई गरी प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । प्राप्त तथ्याङ्कलाई मध्यमान र समूहगत आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कमा के कति भिन्नता छ भनेर पत्ता लगाउन मानक विचलन समेत निकालेर विश्लेषण गरिएको छ । संस्थागत विद्यालय र सामुदायिक विद्यालयलाई तुलना गर्दा उस्तै उस्तै देखिए तापनि संस्थागतमा वर्णविन्याससम्बन्धी कमजोरी चाहिँ देखियो ।

तिमल्सिना (२०७४) द्वारा 'धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्य स्नातकोत्तर तह दोस्रो वर्षको प्रयोजनअनुसार नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत गरिएको छ । उक्त शोधमा धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिचान गर्नु जस्ता उद्देश्य रहेका छन् । यी उद्देश्य पूरा गरी शोधकार्य गर्दा क्षेत्र भ्रमण विधि अपनाउँदै शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा नमुना जनसङ्ख्याका रूपमा धादिङ जिल्लाका पाँचवटा सामुदायिक विद्यालय र पाँचवटा संस्थागत विद्यालयका १०/१० जना विद्यार्थीलाई नमुनाको रूपमा लिई तथ्याङ्क सङ्कलन गरी शोधकार्य  गरिएको छ । उक्त शोधले कक्षा १० मा अध्ययनरत विद्यार्थीको निबन्धलेखन क्षमताको वास्तविक स्थिति पहिचान गर्नुका साथै विद्यालयहरूमा अतिरिक्त क्रियाकलापमा निबन्धलेखनको अवस्थाका बारेमा जानकारी

दिइएको छ । निबन्धलेखनको सैद्धान्तिक पक्ष, अध्ययनको व्याख्या विश्लेषणको लागि, व्यावहारिक ज्ञानलाई सहयोग पुऱ्याएको छ । उक्त अध्ययनसँग सम्बन्धित पक्षलाई आधार मान्दै नवीन पक्षको खोजीमा सहयोग पुगेको छ ।

उल्लिखित शोधशीर्षकसँग भएका अनुसन्धानहरूले यस 'कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकको अनुसन्धानमा मार्गनिर्देश गर्न सहयोग गर्ने देखिन्छ । हालसम्म यस कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको निबन्धलेखन क्षमताको अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न नभएकाले उक्त शीर्षक अनुसन्धान गर्न उपयुक्त ठानी अनुसन्धेय बनाइएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

भाषा विचार विनिमयको माध्यम हो । यो मानव मात्रको निजी पेवा हो र समाजद्वारा पिँढी दरपिँढी हुँदै प्राप्त हुने वस्तु हो । भाषा शिक्षण भाषिक सीपहरूको शिक्षण हो । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । यी सीपहरूमध्ये निबन्ध लेखाइ सीपअन्तर्गत पर्दछ । लेख्नु भनेको मनमा लागेका कुराहरूलाई लिपिबाट अभिव्यक्त गर्नु हो । लेखाइबाट आफ्ना अभिव्यक्तिहरू अरूसमक्ष पुऱ्याउने व्यक्ति सामान्य व्यक्तिभन्दा उच्च र मर्यादित हुन्छ । समाजका हरेक कार्यकलापहरू बोलाइबाट मात्र सम्भव हुँदैन । कतिपय कार्यहरू मौखिकभन्दा लिखित नै बढी भरपर्दो र विश्वसनीय हुन्छ त्यसैले सामान्यभन्दा सामान्य कामदेखि उच्चस्तरीय राष्ट्रिय-अन्तर्राष्ट्रिय कामकाजसम्म पनि लिखित रूपमा नै सञ्चालन भएको पाइन्छ (लम्साल र अन्य, २०७४, पृ. ६९) ।

'नि' उपसर्ग  लागेर 'बन्ध' शब्दको संयुक्त रूप निबन्ध हो । यसको अर्थ नियममा बाँध्नु भन्ने लाग्छ । यस दृष्टिले निबन्धको अर्थ नियममा बाँधिएर विचार राख्नु भन्ने बुझिन्छ । निबन्धलाई साहित्यको सबैभन्दा कान्छो विधाको रूपमा लिइन्छ । निबन्ध संस्कृत भाषाबाट आएको शब्द हो, तर यसको जन्मचाहिँ सर्वप्रथम अङ्ग्रेजी साहित्यमा भएको थियो । पाश्चात्य साहित्यमा निबन्धलाई 'एस्से' भनिन्छ । जुन ग्रीसेली भाषाको 'एस्सिज' शब्दबाट बनेको हो । यसको अर्थ 'एक प्रयास', 'एक परिश्रम', 'एक मिहिनेत' भन्ने थियो । पछि विस्तारै यसको अर्थ प्राविधिक रूपमा परिणत भएर विचार अभिव्यक्त गर्ने एक प्रयास, भाव प्रस्फुटन गर्ने माध्यम हुन पुग्यो (थापा, २०७१, पृ. १)

निबन्धलाई साहित्यको सबैभन्दा कान्छो विधाका रूपमा लिइन्छ । निबन्ध गद्यमा लेखिएको त्यस्तो साहित्यिक रचना हो जसमा वैयक्तिक अनुभूति, भावनालाई अनौपचारिक शैलीमा सरल र सरस रूपमा व्यक्त गरिएको हुन्छ । निबन्ध लेखन लेखाइ सीपसँग सम्बन्धित विधा हो । निबन्धलेखन प्रारम्भिक कक्षादेखि सुरु हुन्छ । निबन्ध लेखनबाट शब्दोच्चारण शब्द र वाक्यको प्रयोगमा शुद्धता ल्याउन र अभिव्यक्तिमा स्तरीयताको निर्वाह गर्न, विषयवस्तुलाई सङ्गठित र शृङ्खलित रूपमा प्रस्तुत गर्न, उखान, टुक्का, परिभाषित तथा प्राविधिक शब्द र शब्दभण्डारका घटक उपयुक्त ढङ्गले मिलाउन सक्ने बनाउन वा शब्दभण्डारको विकास गर्न निबन्धको महत्त्वपूर्ण भूमिका रहन्छ ।

### २.२.१ अभिव्यक्ति कलाको परिचय

कुनै पनि विषयवस्तुको अनुभूति वा हृदयमा पलाएको भावना प्रकट गर्ने क्रियालाई नेपाली बृहत् शब्दकोशले अभिव्यक्तिका रूपमा अर्थ्याएको छ । मानिसका मनमा विभिन्न किसिमका भाव र विचार उत्पन्न हुन्छन् । मनमा उत्पन्न भएका त्यस्ता भाव/विचारलाई मानिसले विभिन्न किसिमले बाहिर प्रकट गर्दछ । मानिसले खासगरी इसारा, चेष्टा वा हाउभाउ, सङ्केत वा भाषाका सहायताले आफ्ना मनका भाव विचारलाई बाहिर प्रकट गर्ने गर्दछ । मनका भाव/विचारलाई त्यसरी प्रकट गर्ने नामलाई नै अभिव्यक्ति कला भनिन्छ । वस्तुतः मानिसले आफ्ना मनका भाव/विचारलाई बाहिर व्यक्त गर्ने काम नै अभिव्यक्ति हो । मानिसले गर्ने यस्तो अभिव्यक्तिको प्रमुख माध्यम भाषा हो (भण्डारी, २०७५, पृ. २) ।

### २.२.२ लेखनका प्रकार

लेखनका प्रकार निम्नानुसार चर्चा गरिएको छ :

#### (क) सामान्य अभिव्यक्तिपरक लेखन

सामान्य अभिव्यक्तिपरक लेखनमा आफ्ना इच्छा, आवश्यकता र अनुभव अरू समक्ष व्यक्त गरिन्छ । यो प्रारम्भिक लेखन हो र सम्पादनात्मक तथा साहित्यिक लेखनको आधार पनि हो (पौडेल, २०७०, पृ. ८८-८९) ।

#### (ख) सम्पादनात्मक लेखन

सम्पादनात्मक लेखन सूचना र ज्ञानको प्रस्तुतीकरणसँग यो सामान्य लेखनकै विकसित रूप हो र यसको प्रमुख विशेषता तथ्यपरक प्रस्तुति भएको वस्तुपरक, तार्किक

तथा बौद्धिक लेखन प्रक्रिया हो । यसमा ज्ञान, विज्ञान र प्रविधि क्षेत्रका विषयवस्तुहरूको सही र तथ्यपरक जानकारी आवश्यक पर्छ र यसमा प्रतिवेदन, विवेचना, विश्लेषण, व्याख्या आदि सबै साहित्येतर लेखन पर्छन् (पौडेल, २०७०, पृ. ८८-८९) ।

(ग) **साहित्यिक लेखन**

साहित्यक लेखनलाई सिर्जनात्मक लेखन पनि भनिन्छ र यसमा वस्तु तथ्यभन्दा भावना, संवेग र कल्पनाका कुराहरू बढी ग्राह्य हुन्छन् । लेखकको स्पष्ट वैयक्तिकता झल्कने आत्म प्रस्तुति यसको प्रमुख विशेषता हुन्छ । यो स्वतन्त्र खालकै बढी हुन्छ (पौडेल, २०७०, पृ. ८८-८९) ।

(घ) **प्राज्ञिक/बौद्धिक लेखन**

प्राज्ञिक/बौद्धिक लेखन भनेको बुद्धिद्वारा ग्रहण गरिन योग्य लेखन भन्ने बुझिन्छ । यसमा नयाँनयाँ कुरा सोच्न सक्ने वा कल्पना गर्न सक्ने मानसिक शक्ति एवम् बुद्धि, विवेक र विशिष्ट ज्ञानको आवश्यकता पर्दछ । कतिपय सिर्जना पढ्दा हृदय रसाउँछ । बौद्धिक कसरत गर्नुपर्दैन । त्यहाँ भाषिक कलाको एक सुन्दर प्रस्तुति हुन्छ । बालरचना यस्तै हुन्छन् । सिर्जनात्मक अभिव्यक्ति पनि बौद्धिक अभिव्यक्ति नै हो । तर सबै सिर्जना बौद्धिक हुँदैनन् । यस प्रसङ्गमा शैक्षिक दृष्टिले उन्नत, उच्च शिक्षा प्राप्त गरेका, कुनै विषयमा दक्षता प्राप्त गरेका वा स्वाध्ययन र दीर्घसाधनाबाट खारिएका लेखकका साहित्यिक वा गैरसाहित्यिक लेखनलाई प्राज्ञिक/बौद्धिक लेखन भनिएको छ । यस्ता रचनाका उपभोक्ता/पाठक पनि समान स्तरका वा उच्च बौद्धिक खालका हुन्छन् । दर्शन, वैचारिक लेख रचना आदिलाई बौद्धिक/प्राज्ञिक लेखन भनिन्छ (भण्डारी, २०७५, पृ. ४) ।

### २.२.३ लेखाइ सीपका कार्यकलाप

लेखाइ सीपका कार्यकलापहरू निम्नानुसार रहेका छन् :

(क) **यान्त्रिक लेखन**

लिपि चिह्न, वर्णविन्यास, विषयवस्तु र पात्र जस्ता पक्षहरूको अनुकरणमा आधारित लेखनका ढङ्गढाँचा वा प्रविधि पक्षमा जोड दिइने लेखनलाई यान्त्रिक वा आभ्यासिक लेखन भनिन्छ । यान्त्रिकताले टङ्कन मेसिन वा कम्प्युटरको उपयोगद्वारा गरिने खालको लेखनलाई पनि समेट्ने स्थिति रहे पनि भाषा शिक्षणका क्रममा लेखन कला शिक्षणभित्र अक्षर लेखन,

अनुलेखन, श्रुतिलेखन, साफी लेखन आदि कार्यकलापहरू यान्त्रिक लेखनसँग सम्बन्धित मानिन्छ । सुनिश्चित दायरा, क्रम, प्रविधि र प्रक्रिया अपनाएर गरिने प्रारम्भिक लेखनलाई यान्त्रिक लेखन भित्र समेट्न सकिन्छ र यस्तो लेखनको प्रकृति अभ्यासमा आधारित हुने भएकाले आभ्यासिक लेखन पनि भन्न सकिन्छ ।

(ख) **निर्देशित लेखन**

निर्देशितलेखन सुनिश्चित ढङ्ग ढाँचा, बुँदा, पूर्व निर्धारित सङ्केत र शिक्षकका निर्देशनअनुसारका सुनिश्चित प्रविधिमा आधारित हुने लेखन हो । यान्त्रिक लेखनको अभ्यासपछि गरिने यस प्रकारको लेखन पनि आभ्यासिक प्रकृतिकै हुन्छ । यसर्थ बुँदाका आधारमा गरिने सारांश, संक्षेपीकरण, विस्तृतीकरण, अनुच्छेद, प्रबन्ध, निबन्ध आदि लेखन र वैयक्तिक समस्या निदानका लागि गरिने चिठी र निवेदन रचना पनि निर्देशित लेखनअन्तर्गत पर्छन् र यिनको प्रकृति पनि आभ्यासिक किसिमकै हुन्छ । यसबाट विस्तारै स्वतन्त्र वा सिर्जनात्मक लेखनका लागि महत्त्वपूर्ण आधार तयार हुन्छ ।

(ग) **स्वतन्त्र वा सिर्जनात्मक लेखन**

स्वतन्त्र वा सिर्जनात्मक लेखन कुनै खास शीर्षकमा आधारित भएर आफ्ना वैयक्तिक अनुभव र सुझका आधारमा कुनै पूर्व निर्धारित बुँदाहरूको नियन्त्रण भन्दा बाहिर रही लेख्ने खालको लेखन हो । मौलिकता, काल्पनिकता र शिल्प शैलीको सक्दो र आवश्यक मात्रामा उपयोग गर्दै लेख्ने छुट यसमा हुने भएकाले यसमा वैयक्तिकता प्रबल हुन्छ । प्रवाहमय शैली र आकर्षक शिल्प प्रविधि अपनाइन्छ । यस प्रकारको लेखनमा सुरु सुरुमा केही निर्देशित अभ्यास आवश्यक परे पनि विस्तारै त्यसको मात्रा घट्दै गई साहित्यिक वा साहित्येतर दुबै किसिमका उच्च स्तरीय लेखन प्रक्रिया स्वतन्त्र प्रकृतिबाट अगाडि बढ्छन् । कथा, कविता, निबन्ध, संवाद, नाटक, समीक्षा, प्रतिवेदन आदि लेखन यसका उदाहरण हुन् र यो उच्च स्तरीय लेखन मानिन्छ (पौडेल, २०७०, पृ. ८८-८९) ।

### २.२.४ निबन्धलेखनको परिचय

प्रयोगात्मक नेपाली शब्दकोशका अनुसार 'नि+बन्ध' शब्द समूह मिली बनेको तत्सम शब्द 'निबन्ध' नाम शब्द हो । कुनै वस्तु, विचार तथा भावको शृङ्खलाबद्ध अभिव्यक्ति भएको गद्य रचनाको एक विधा, प्रबन्ध नै निबन्ध हो । यस्ता प्रकारका अभिव्यक्तिहरूलाई

शृङ्खलाबद्ध रूपमा रचना गर्ने व्यक्ति निबन्धकार हो । भाव, विचार आदिलाई सिलसिला मिलाएर अभिव्यक्ति दिने काम निबन्ध लेखन हो । निबन्ध आत्मपरक र वस्तुपरक हुन्छन् । निबन्धमा कलात्मक रूपमा उत्पन्न भएका विचारहरूलाई शीर्षकमा केन्द्रित रहेर मिठासपूर्ण शैलीमा भाव प्रवाहित गरिन्छ । ज्ञान, विद्वता तथा हार्दिकतापूर्ण विचार तथा अभिव्यक्तिका माध्यमबाट भाव, शिल्प तथा शैलीमा शीर्षकमा केन्द्रित रही विचारहरू प्रस्तुत गरिन्छ । कला, संस्कृति, संस्कार, परम्परा, प्रकृति र भूगोल, इतिहास, विज्ञान, गणित मानव समाज, चाडपर्व, रोगव्याधि, समाज लगायतका असीमित क्षेत्रमा गद्यका माध्यमबाट चित्रात्मक अभिव्यक्तिहरू पस्कदै पाठकका सामु प्रस्तुत गरिन्छ । निबन्ध लेखनले शीर्षकको भावअनुसार अग्रगामी चेतना प्रवाहित गरिरहेको हुन्छ (भट्टराई र लुइटेल, २०७५, पृ. २२७) ।

### २.२.५ निबन्धका प्रकार

लेखकको उपस्थिति र अनुपस्थितिका आधारमा निबन्धलाई दुई प्रकारमा विभाजित गरिएको छ :

(क) आत्मपरक निबन्ध

आत्मपरक निबन्ध वैयक्तिक र भावनात्मक हुन्छ । अर्को शब्दमा यस्ता निबन्धमा लेखकको निजी भावना अभिव्यञ्जित हुन्छ । यस प्रकारको निबन्धमा म, हामी, तिमी, तपाई जस्ता सर्वनाम प्रयोग गर्दै विषयवस्तुको परिचय र वर्णनभन्दा व्यक्तिगत अनुभव पोख्ने काम हुन्छ (थापा, २०७१, पृ. ३) ।

(ख) वस्तुपरक निबन्ध

वस्तुपरक निबन्ध विषयवस्तुलाई केन्द्रीय महत्त्व दिएर लेखिएको रचनालाई भनिन्छ । यस्तो निबन्ध विवरणात्मक, तर्कमूलक र वर्णनात्मक हुन्छ । यस्ता निबन्ध विषयका सूचनाको विश्लेषणलाई महत्त्व दिएर लेखिने गरिन्छ । यस्ता निबन्धमा वस्तुतथ्यलाई महत्त्व दिइन्छ । विषयवस्तुअनुसार वस्तुपरक निबन्धलाई पनि विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ (थापा, २०७१, पृ. ३) ।

### २.२.६ निबन्धको ढाँचा वा स्वरूप

निबन्ध लेखन कुनै एउटा विषयमा केन्द्रित रही विषय र प्रसङ्गलाई वस्तुगत वा भावनात्मक विचारहरू प्रवाहित गर्दै विस्तार गरिन्छ । आत्मपरक वा वस्तुपरक शैलीमा आकर्षक ढङ्गले न्यूनतम दुई सयदेखि अधिकतम एक हजार शब्दको संयोजन रहेको एकै बसाइमा अध्ययन गर्न सकिने न्यूनतम तीन चारओटा अनुच्छेदहरूमा विभक्त गरी लेखिने निबन्धका ढाँचा/स्वरूप निम्न रहेका हुन्छन् (भट्टराई र लुइटेल, २०७५, पृ. २२८) :

**(क) निबन्धको आदि भाग (थालनी खण्ड)**

निबन्ध लेखनका लागि छनोट गरिएको शीर्षकमा केन्द्रित रही विषयको परिचयस्वरूप लेखिने पहिलो अनुच्छेद नै आदि भाग हो । यस भागमा भाव वा विचारको उठान हुने हुँदा यस भागलाई पृष्ठभूमि, परिचय वा भूमिका आदिका रूपमा पनि चिनिन्छ ( भट्टराई र लुइटेल, २०७५, पृ. २२८) ।

**(ख) निबन्धको मुख्य भाग (विस्तार खण्ड)**

निबन्ध लेखनका लागि छनोट गरिएको शीर्षक वा विषयका बारेमा विस्तार, लाभ, हानी, फाइदा, बेफाइदा, महत्त्व, आवश्यकता, उपयोगिता, प्रेरणा आदि पक्षहरूलाई आवश्यकताअनुसार अनुच्छेदहरू विस्तार गरिन्छन् । शीर्षक वा विषयवस्तुसँग सम्बद्ध रही विषयवस्तु, विचार, अनुभूति, सङ्गठन, शैली एवम् उद्देश्य जस्ता पक्षहरूलाई मध्य भागमा प्रस्तुत गरिन्छ (भट्टराई र लुइटेल, २०७५, पृ. २२८) ।

**(ग) निबन्धको अन्त्य भाग (उपसंहार खण्ड)**

निबन्ध लेखनका लागि छनोट गरिएको शीर्षक वा विषयका बारेमा निबन्धको आदि र मध्य भागमा समेटिएका विचार वा प्रस्तुतिलाई सारसङ्क्षेप र विषयवस्तुप्रति लेखकीय वैयक्तिक दृष्टिकोणको निष्कर्ष समेटेर लेखिने अन्तिम अनुच्छेद नै निबन्धको अन्त्य भाग हो (भट्टराई र लुइटेल, २०७५, पृ. २२८) ।

### २.२.७ निबन्ध लेखनमा ध्यान दिनुपर्ने पक्षहरू

निबन्ध लेखनमा ध्यान दिनुपर्ने पक्षहरू निम्नानुसार रहेका छन् :

(क) **शीर्षकको चयन**

निबन्ध लेखनका लागि 'शीर्षक चयन' गर्नु आवश्यक पक्ष मानिन्छ । निबन्धकारले जानेको, बुझेको, अनुभूति तथा अनुभव प्राप्त गरेको लगायतका पक्षहरूलाई अभिव्यक्त गर्न सक्ने शीर्षकको चयन गर्नु उपयुक्त हुन्छ (भट्टराई र लुइटेल, २०७५, पृ. २३०) ।

(ख) **बुँदाटिपोट**

निबन्ध लेखनका लागि उपयुक्त शीर्षकको चयन गरिसकेपछि सोही शीर्षकका विषयसँग सम्बन्धित रहेर वा शीर्षक र विषयका परिधिभित्र रही विभिन्न स्रोत साधनका माध्यमबाट आवश्यक तथ्यहरूलाई बुँदागत रूपमा टिपोट गर्नु हो (भट्टराई र लुइटेल, २०७५, पृ. २३०) ।

(ग) **क्रम निर्धारण**

शीर्षक चयनपश्चात् शीर्षक तथा विषयमा केन्द्रित रहेर संलग्न गरिएका बुँदाहरूलाई निबन्ध लेखनका लागि निबन्धको आदि (भूमिका वा परिचय खण्ड) मध्य ( विस्तार वा प्रचार खण्ड) र अन्त्य (उपसंहार वा निष्कर्ष खण्ड) मा सङ्गठित गर्न उपयुक्त रूपमा क्रमवद्धताका साथ अलग अलग राख्नु पर्दछ (भट्टराई र लुइटेल, २०७५, पृ. २३०) ।

(घ) **अनुच्छेद गठन**

निबन्धका लागि प्राप्त बुँदाहरूलाई क्रम निर्धारण गरेपश्चात् अर्थ विस्तार गर्दै अनुच्छेद गठन गर्नुपर्दछ । प्रारम्भिक चरणका बुँदाहरूलाई परिचय वा भूमिका खण्डमा विस्तार गर्दै जानुपर्दछ । त्यसैगरी मध्य तथा अन्त्य भागमा समेटिएका बुँदाहरूलाई अर्थपूर्ण वाक्यहरूमा विस्तार गर्दै लैजानु उपयुक्त हुने छ (भट्टराई र लुइटेल, २०७५, पृ. २३०) ।

### २.२.८ निबन्ध शिक्षणको आवश्यकता र प्रयोजन

निबन्ध शिक्षणको आवश्यकता निम्नानुसार रहेको छ :

(क) निबन्ध शिक्षणको मुख्य प्रयोजन लेखन कलाको समुचित विकास गर्नु हो । यसबाट स्वतन्त्र लेखनको सुसङ्गठित रूपले पहिचान र अवलम्बनमा मद्दत मिल्नुका साथै विभिन्न भाषिक तथा शैलीगत अनुभव प्राप्त हुन्छ ।

(ख) निबन्ध शिक्षणबाट शब्दभण्डारको अभिवृद्धि गर्न, चुस्त अभिव्यक्तिमा स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन, क्रमिकताको निर्वाह गर्न तथा प्रसङ्ग र भावले मागेको भाषागत सामर्थ्यको विकास गर्न सघाउ पुग्छ ।

(ग) निबन्ध प्रौढ विधा भएकाले यसका लेखक र पाठक मानसिक रूपमा प्रौढ हुनु आवश्यक छ । अतः यसको अभिव्यक्ति वा अध्ययन जेसुकैबाट तर्क शक्तिलाई बढावा मिल्छ र व्यक्तिमा आफ्नो सेरोफेरो र गोलार्धको पर्यवेक्षण गर्ने क्षमताको विकास हुन्छ । यस्तो क्षमताको विकासले अरूले सधैं देखेर वास्तै नगरेका विषयवस्तुका बारेमा पनि चमत्कारयुक्त दिने उत्प्रेरणा मिल्छ ।

(घ) निबन्ध शिक्षणबाट बोध र अभिव्यक्ति क्षमताको विकासका साथै यसका तत्वहरूको पनि पहिचान हुन्छ र कुनै निर्दिष्ट सामग्रीलाई आवश्यकताअनुसार संक्षेप वा विस्तारमा प्रकट गर्न सक्ने सीपको समेत विकास गर्न मद्दत मिल्छ ।

(ङ) निबन्ध अध्ययनले अन्य सर्जकका रचनालाई समीक्षात्मक र विश्लेषणात्मक रूपले हेर्ने र आत्मसात् गर्ने क्षमताको पर्याप्त विकास भई निबन्धप्रति अनुराग बढाउन र सिर्जना गर्न समेत अभिप्रेरणा मिल्ने उत्तिकै सम्भावना देखिन्छ (पौडेल, २०७०, पृ. ५७) ।

भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) मध्ये लेखाइ सीप महत्त्वपूर्ण सीप हो । विद्यार्थीहरूमा शुद्ध र स्तरीय भाषा प्रयोग गर्नका लागि लेखाइ सीपको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मानवीय अनुभव, संस्कृति, परम्परा संरचित गर्न तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा फैलाउन भाषाको लिखित रूपको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले विद्यार्थीहरूको प्रारम्भिक तहबाट लेखन सीपको विकास गराउन निबन्धलेखनको आवश्यकता पर्दछ । निबन्ध कुनै एउटा विषयमा केन्द्रित रही विषय र प्रसङ्गलाई वस्तुगत वा भावनात्मक विचारहरू प्रवाहित गर्दै विस्तार गरिन्छ । निबन्धमा कलात्मक रूपमा उत्पन्न भएका विचारहरूलाई शीर्षकमा केन्द्रित रहेर मिठासपूर्ण शैलीमा भाव प्रवाहित हुन्छ । निबन्धभित्र सामान्य लेखदेखि लिएर महान  साहित्यिक लेखसम्मको हुन्छ । विभिन्न

विषय क्षेत्र सम्बन्धित शब्दभण्डारको विकास गर्न, अभिव्यक्तिमा स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन, क्रमिकताको निर्वाह गर्न तथा प्रसङ्ग र भावले मागेको भाषागत सामर्थ्यको विकास  गर्न निबन्धलेखन महत्त्वपूर्ण मानिन्छ । निबन्ध लेखनबाट विद्यार्थीहरूको बोध र अभिव्यक्ति क्षमताको विकास हुन्छ । निबन्ध शिक्षणबाट अनुच्छेदवद्धता, अनुच्छेद-अनुच्छेद बिचको अन्तर्सम्बन्ध आदि कुरामा ध्यान दिनुपर्छ । निबन्ध लेखन प्रौढ  विधा भएकाले यसका लागि लेखक र पाठक मानसिक रूपमा प्रौढ हुनु आवश्यक हुन्छ । निबन्ध लेखनले विद्यार्थीहरूको भावना, विचार, शैली आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउने हुनाले यो महत्त्वपूर्ण विधा हो ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

अनुसन्धानका लागि आवश्यक सामग्रीहरूको स्रोत, सामग्रीको सङ्कलन र त्यसको परीक्षण एवम् सत्यापनसम्मको समग्र प्रक्रियालाई अध्ययन विधि भनिन्छ । प्रस्तुत अध्ययनमा कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनसँग सम्बन्धित छ । प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि निम्नानुसारका विधिहरू अपनाएर अध्ययन गरिएको छ ।

## ३.१ अध्ययन विधि

क्षेत्रीय अध्ययन विधिलाई स्थलगत अध्ययन विधि पनि भनिन्छ । निश्चित भौगोलिक क्षेत्रलाई सीमाङ्कन गर्दै त्यहाँको स्थलगत अध्ययन गरी यथार्थपरक अनुसन्धान गरिने विधिलाई क्षेत्रीय अध्ययन विधि भनिन्छ (भट्टराई, २०६८, पृ. ४६) । क्षेत्रीय अध्ययन विधि अनुसन्धानका लागि महत्त्वपूर्ण विधि भनिन्छ । यस अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलनका क्रममा शोधार्थी स्वयम् उपस्थिति भई कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । जसमा सामुदायिक र संस्थागतका छात्र/छात्रालाई समावेश गरिएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

यस कार्यका लागि निम्नानुसारका प्रक्रिया अपनाइएको छ :

### ३.२.१ जनसङ्ख्याको पहिचान

प्रस्तुत शोधपत्रमा शैक्षिक सत्र २०७५ मा कञ्चनपुर जिल्लाको कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरू जनसङ्ख्याको रूपमा रहेको छ । यस विधिमा सम्पूर्ण जनसङ्ख्या मध्येबाट प्रतिनिधित्व हुने गरी नमुना जनसङ्ख्याको छनोट गरी कञ्चनपुर जिल्लाका विभिन्न क्षेत्रका सामुदायिक पाँच र संस्थागत पाँच गरी प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिन्छ । प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूमध्ये पाँच/पाँच जना छात्र र छात्रालाई लिइएको छ ।

### ३.२.२ नमुना छनोट पद्धति र नमुना जनसङ्ख्या

प्रस्तुत शोधपत्रमा सम्भाव्य नमुना छनोट पद्धतिद्वारा निर्धारित जनसङ्ख्याबाट १०० जना नमुना विद्यार्थीहरू छनोट गरिएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोत

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतहरूको उपयोग गरिएको छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ता आफैँले सम्बन्धित क्षेत्रमा गई पहिलो पटक सङ्कलन गरेको सामग्रीलाई प्राथमिक स्रोतबाट प्राप्त सामग्री भनिन्छ । प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन कञ्चनपुर जिल्लाका प्रतिनिधि नमुना छनोट गरी एउटा निबन्ध लेख्न लगाई सामग्री सङ्कलन गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

पहिले अरू अनुसन्धानकर्ता व्यक्ति वा संस्थाले सङ्कलन गरेका वा अनुसन्धानको क्रममा अरूले उपयोग गरेका सामग्रीलाई द्वितीयक स्रोतबाट प्राप्त सामग्री भनिन्छ । प्रस्तुत शोधलाई सम्पन्न गर्नका लागि विभिन्न द्वितीयक स्रोतको सामग्री उपयोग गरिएको छ । यस क्रममा निबन्धलेखनसम्बन्धी विभिन्न पुस्तक, पत्रपत्रिका, लेख रचना, निबन्धलेखनसम्बन्धी शोधपत्रहरू आदिलाई द्वितीयक स्रोतको रूपमा लिइएको छ ।

## ३.४ पूर्वपरीक्षण

शोधकार्यका क्रममा तयार गरिएका निबन्धलेखनसँग सम्बन्धित शीर्षक के कति उपयुक्त सान्दर्भिक छन् भन्ने जानकारीका लागि पूर्वपरीक्षण गरिएको छ । पूर्वपरीक्षणका क्रममा ३ वटा निर्देशित 'मेरो जीवनको लक्ष्य : समाजसेवा', 'आजको युग, विज्ञान र प्रविधिको युग' र 'विद्यार्थी जीवनमा अनुशासनको महत्त्व' निबन्ध लेख्न लगाइएको छ । कञ्चनपुर जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्यालयका १०/१० जना विद्यार्थीहरूमा ५/५ जना छात्र छात्रा विद्यार्थीहरूलाई ३ वटा निबन्ध लेखनको शीर्षक दिएर निबन्ध लेख्न लगाइएको छ । प्राप्त उत्तरपुस्तिका परीक्षण गरी शोधनिर्देशक, विषयविशेषज्ञका सल्लाहबमोजिम उपयुक्त शीर्षक चयन गरी शोधकार्य अगाडि बढाइएको छ ।

## ३.५ तथ्याङ्कको विश्लेषण

कुनै पनि कार्यलाई सही, व्यवस्थित, वैज्ञानिक तरिकाले अगाडि बढाउँदै त्यसको निष्कर्षमा पुग्नका लागि प्राप्त तथ्याङ्कको विश्लेषण गर्नु आवश्यक हुन्छ । निबन्धलेखनअन्तर्गत स्वतन्त्र लेखन र निर्देशित लेखन पर्दछन् । स्वतन्त्र लेखनमा कुनै एउटा शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेख्न दिइएको छ भने निर्देशित लेखनमा शीर्षक र त्यससँग सम्बन्धित केही बुँदाहरू दिई निर्देशित निबन्ध लेखन गराइएको छ । विद्यार्थीहरूबाट प्राप्त उत्तरपुस्तिकालाई विद्यालयको प्रकृति, लैङ्गिकताका विभिन्न आधारमा तुलना गर्ने, व्याख्या विश्लेषण गर्ने, निबन्धलेखनका क्रममा निर्धारित समय सीमामा विद्यार्थीहरूद्वारा लेखिएका निबन्धहरूलाई उत्तरका रूपमा सङ्कलन गरी विषयवस्तुको ज्ञान अवधारणालाई ३ अङ्क, विवेचनात्मक प्रस्तुति (सङ्कथन)लाई ३ अङ्क, शैली र मौलिकतालाई २ अङ्क, भाषिक शुद्धता, यान्त्रिक पक्ष (किनारा, अक्षरको आकार, प्रकार, वर्णविन्यास, वाक्यगठन, चिह्न प्रयोग र पदसङ्गति)लाई २ अङ्क गरी जम्मा १० अङ्क निर्धारण गरिएको छ । यसबाट प्राप्त नतिजालाई एक आपसमा तुलना गरी निष्कर्ष निकालिएको छ । शोधकार्यको उद्देश्यअनुरूप प्राप्त गरेको तथ्याङ्कलाई प्रतिशत, मध्यमान, मानक विचलनबाट प्राप्त नतिजालाई तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत शोधपत्रमा ०-२० E, २०-३० D, ३०-४० D+, ४०-५० C, ५०-६० C+, ६०-७० B, ७०-८० B+, ८०-९० A र ९० भन्दा माथि A+ ग्रेड मानेर व्याख्या विश्लेषण गरिएको छ (पोखरेल र काफ्ले, २०७४ : ८६) ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

प्रस्तुत शोधपत्रमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता अध्ययनका लागि दिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.१ प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

यस अध्ययनमा कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्नु उद्देश्य राखिएको छ । कञ्चनपुर जिल्लाका ५ ओटा सामुदायिक विद्यालयका ५० जना विद्यार्थी र ५ ओटा संस्थागत विद्यालयका ५० जना विद्यार्थी गरी जम्मा १०० जना विद्यार्थीहरूमा यो अध्ययन केन्द्रित रहेको छ । यस अध्ययनमा १०० जना विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई सामग्रीका रूपमा सङ्कलन गरिएको छ । समग्रमा कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता निम्नानुसार रहेको छ :

तालिका १

प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति


| जम्मा विद्यार्थी सङ्ख्या | E ०-२० | | D २०-३० | | D + ३०-४० | | C ४०-५० | | C+ ५०-६० | | B ६०-७० | | B+ ७०-८० | | A ८०-९० | | A + ९० माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| १०० | ६ | ६ | १४ | १४ | ११ | ११ | १४ | १४ | २५ | २५ | १६ | १६ | १० | १० | ४ | ४ | ० | ० |

तालिका १ मा प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति देखाइएको छ । यस तथ्याङ्कलाई हेर्दा १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा नै श्रेणीमा विभाजन गरिएको छ । जसमा ०-२० E ग्रेड ल्याउने विद्यार्थी ६ प्रतिशत, २०-३० D ग्रेड ल्याउने विद्यार्थी १४ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने विद्यार्थी ११ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने विद्यार्थी १४ प्रतिशत, ५०-६०

C+ ग्रेड ल्याउने  २५ प्रतिशत, ६०- ७० B ग्रेड ल्याउने १६ प्रतिशत ७०-८० B+ ग्रेड ल्याउने विद्यार्थी १० प्रतिशत, ८०-९० A ग्रेड ल्याउने विद्यार्थी ४ प्रतिशत देखिन्छ । जसअनुसार ३० भन्दा कम ल्याउने २०% विद्यार्थी कमजोर रहेका छन् । त्यस्तै गरी ३० देखि ६० ल्याउने विद्यार्थी ६६% मध्यम र ६० भन्दा माथि ल्याउने १४% रहेको देखिन्छ ।

**चित्र १**

**प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूले निबन्धलेखन क्षमता**




स्तम्भ चित्र १ अनुसार नतिजाको विश्लेषण गर्दा ०-२० E ग्रेड हासिल गर्ने ६ प्रतिशत, २०-३० D ग्रेड हासिल गर्ने १४ प्रतिशत, ३०-४० D+ ग्रेड हासिल गर्ने ११ प्रतिशत, ४०-५० C ग्रेड हासिल गर्ने १४ प्रतिशत, ५०-६० C+ ग्रेड हासिल गर्ने २५ प्रतिशत, ६०-७० B ग्रेड हासिल गर्ने १६ प्रतिशत, ७०-८० B+ ग्रेड हासिल गर्ने १० प्रतिशत, ८०-९० A ग्रेड हासिल गर्ने ४ प्रतिशत रहेको छ । यसरी समग्र रूपमा हेर्दा कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत छात्र, छात्राहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको पाइयो ।

## ४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

कञ्चनपुर जिल्लाअन्तर्गतका १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई कञ्चनपुर जिल्लाका विद्यार्थीहरूको जनसङ्ख्या प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन मध्यमान र मानक विचलनका आधारमा निम्नानुसार गरिएको छ :

तालिका २


**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४.४६ | ४४.६ | १.८५ | ५५ | ५५ | ४५ | ४५ |

तालिका २ अनुसार मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति देखाइएको छ । यस तथ्याङ्कलाई हेर्दा १०० जना विद्यार्थीहरूको मध्यमान ४.४६ रहेको छ । विद्यार्थीको औसत प्रतिशत ४४.६ देखिन्छ । ५० प्रतिशतभन्दा कम देखिएको कारण विद्यार्थीको निबन्धलेखन क्षमता कमजोर देखिन्छ र समग्र मानक विचलन १.८५ देखिएको कारण प्राप्ताङ्क मध्यमानको नजिक देखिन्छ । यसर्थ विद्यार्थीको प्राप्ताङ्कमा समानता पाउन सकिन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थी ५५ प्रतिशत रहेको पाइन्छ । त्यस्तै मध्यमानभन्दा तल ४५ प्रतिशत रहेकाले समग्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी रहेको देखिन्छ । त्यसकारण समग्रमा निबन्धलेखन क्षमता राम्रो रहेको पाइन्छ ।

चित्र २

मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता




यसरी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थी ५५ प्रतिशत र मध्यमानभन्दा तल ४५ प्रतिशत रहेकाले समग्र कञ्चनपुर जिल्लाको निबन्धलेखन क्षमता राम्रो नै देखिन्छ ।

# अध्याय पाँच

## विद्यालयको प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको अध्ययन

कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूमा उत्तरहरूका आधारमा कक्षा सातका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति यहाँ विश्लेषण गरिएको छ :

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिका आधारमा कञ्चनपुर जिल्लाका पाँच सामुदायिक विद्यालयका ५० जना र पाँच संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरू रहेका छन् । छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तलको तालिकामा प्रस्तुत गरिएको छ :

### ५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा कञ्चनपुर पाँच सामुदायिक विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका पाँच सामुदायिक विद्यालयका १०/१० जनाका दरले जम्मा ५० जना विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

#### ५.१.१ प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा नमुनाका रूपमा परेका कञ्चनपुर जिल्लाका पाँच सामुदायिक विद्यालयका १०/१० जनाका दरले ५० जना कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ३


प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता

| जम्मा विद्यार्थी सङ्ख्या | E ०-२० | | D २०-३० | | D + ३०-४० | | C ४०-५० | | C+ ५०-६० | | B ६०-७० | | B+ ७०-८० | | A ८०-९० | | A + ९० माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | ६ | १२ | १३ | २६ | ९ | १८ | ८ | १६ | ६ | १२ | ३ | ६ | ३ | ६ | २ | ४ | | |

तालिका ३ अनुसार प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता देखाएको छ । यस तथ्याङ्कमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूलाई १० पूर्णाङ्कको निबन्धलेखन क्षमतामा सबैभन्दा कम ०-२० E ग्रेड ल्याउने विद्यार्थी १२ प्रतिशत रहेको छ । २०-३० D ग्रेड ल्याउने विद्यार्थी २६ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने १८ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १६ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने १२ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने ६ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने ६ प्रतिशत, ८०-९० A ग्रेड ल्याउने ४ प्रतिशत रहेको छ । जसअनुसार ३० भन्दा कम ल्याउने ३२ प्रतिशत विद्यार्थी कमजोर रहेका छन् । त्यसैगरी ३० देखि ६० सम्म ल्याउने ५८ प्रतिशत विद्यार्थी मध्यम र ६० भन्दा माथि ल्याउने १० प्रतिशत विद्यार्थी उच्च रहेको देखिन्छ ।

**चित्र ३**

**प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमता (प्रतिशतमा)**




माथिको स्तम्भ चित्रमा हेर्दा ०-२० E ग्रेड ल्याउने विद्यार्थी १२ प्रतिशत, २०-३० D ग्रेड ल्याउने विद्यार्थी २६ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने १८ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १६ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने १२ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने ६ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने ६ प्रतिशत ८०-९० A ग्रेड ल्याउने ४ प्रतिशत रहेको

छ । समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको देखिन्छ ।

### ५.१.२ मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन स्थिति

मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ४


**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता**

| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३.५४ | ३५.४ | २.१० | २२ | ४४ | २८ | ५६ |

तालिका ४ अनुसार मध्यमान, मानक विचलन र प्रतिशतमा आधारमा सामुदायिक विद्यालयमा विद्यार्थीहरूको क्षमता देखाएको छ । यसमा कञ्चनपुर जिल्लामा कक्षा सातमा अध्ययनरत पाँच सामुदायिक विद्यालयमा विद्यार्थीहरूको निबन्धलेखनमा प्राप्ताङ्कको मध्यमान ३.५४ देखिएको छ र मानक विचलन २.१० देखिएको कारण प्राप्ताङ्कहरू मध्यमानको टाढा देखिन्छ । यसर्थ विद्यार्थीको प्राप्ताङ्कमा असमानता पाउन सकिन्छ । विद्यार्थीको औसत प्रतिशत ३५.४ देखिन्छ । ५० प्रतिशतभन्दा कम देखिएको कारण विद्यार्थीको निबन्धलेखन क्षमता कमजोर देखिन्छ भने मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थी ४४ प्रतिशत रहेको छ भने मध्यमानभन्दा तल ५६ प्रतिशत रहेको छ । जसकारण सामुदायिक विद्यालयको निबन्धलेखन क्षमता कमजोर रहेको मान्न सकिन्छ ।

चित्र ४

मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता




यसरी मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थी ४४ प्रतिशत रहेको छ भने मध्यमानभन्दा तल ५६ प्रतिशत रहेकाले विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको मान्न सकिन्छ ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा कञ्चनपुर पाँच संस्थागत विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका पाँच संस्थागत विद्यालयका १०/१० जनाका दरले जम्मा ५० जना विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

### ५.२.१ प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका ५


## प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता

| जम्मा विद्यार्थी सङ्ख्या | E ०-२० | | D २०-३० | | D + ३०-४० | | C ४०-५० | | C+ ५०-६० | | B ६०-७० | | B+ ७०-८० | | A ८०-९० | | A + ९० माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | | | १ | २ | २ | ४ | ६ | १२ | १९ | ३८ | १३ | २६ | ७ | १४ | २ | ४ | | |

तालिका ५ अनुसार प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरू निबन्धलेखन क्षमता देखाएको छ । उक्त तालिकाअनुसार ०-२० E ग्रेड ल्याउने विद्यार्थी शून्य प्रतिशत रहेको छ । २०-३० D ग्रेड ल्याउने २ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने ४ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १२ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने ३८ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने २६ प्रतिशत, ७०-८० D+ ग्रेड ल्याउने १४ प्रतिशत ८०-९० A ग्रेड ल्याउने ४ प्रतिशत र ९० माथि A+ ग्रेड ल्याउने विद्यार्थी शून्य प्रतिशत रहेको पाइन्छ । जसअनुसार ३० भन्दा कम ल्याउने २ प्रतिशत विद्यार्थी कमजोर रहेका छन् । त्यसैगरी ३० देखि ६० सम्म ल्याउने ८० प्रतिशत विद्यार्थी मध्यम र ६० भन्दा माथि ल्याउने १८ प्रतिशत विद्यार्थी उच्च रहेको पाइयो ।

चित्र ५

प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयको निबन्धलेखन क्षमता




संस्थागत विद्यालयको प्राप्ताङ्कको आधारमा ०-२० E ग्रेड ल्याउने विद्यार्थी ० प्रतिशत, २०-३० D ग्रेड ल्याउने विद्यार्थी २ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने ४ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १२ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने ३८ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने २६ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने १४ प्रतिशत ८०-९० A ग्रेड ल्याउने ४ प्रतिशत रहेको छ । यसरी माथिको स्तम्भ चित्रलाई हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

### ५.२.२ मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ६**


**मध्यमान, मानक, विचलन र प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता**

| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५.३८ | ५३.८ | १.५३ | २८ | ५६ | २४ | ४४ |

तालिका ३ अनुसार कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५.३८ देखिएको छ । विद्यार्थीको औसत प्रतिशत ५३.८ देखिन्छ । ५० प्रतिशतभन्दा बढी देखिएको कारण विद्यार्थीको निबन्धलेखन क्षमता राम्रो देखिन्छ र समग्र मानक विचलन १.५३ देखिएको कारण विद्यार्थीको प्राप्ताङ्कहरू मध्यमानको नजिक देखिन्छ । यसर्थ विद्यार्थीहरूको प्राप्ताङ्कमा समानता पाउन सकिन्छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थी ५६ प्रतिशत रहेको छ भने मध्यमानभन्दा तल ४४ प्रतिशत रहेको छ जसबाट संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइयो ।

**चित्र ६**

**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता**



माथिको स्तम्भचित्रलाई हेर्दा मध्यमानभन्दा माथि ५२ प्रतिशत र मध्यमानभन्दा तल ४४ प्रतिशत रहेको छ।

## ५.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कलाई सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थितिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.३.१ प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ७

प्राप्ताङ्कको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

| विद्यालय | जम्मा विद्यार्थी सङ्ख्या | E ०-२० | | D २०-३० | | D + ३०-४० | | C ४०-५० | | C+ ५०-६० | | B ६०-७० | | B+ ७०-८० | | A ८०-९० | | A + ९० माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| सामुदायिक | ५० | ६ | १२ | १३ | २६ | ९ | १८ | ८ | १६ | ६ | १२ | ३ | ६ | ३ | ६ | २ | ४ | ० | ० |
| संस्थागत | ५० | ० | ० | १ | २ | २ | ४ | ६ | १२ | १९ | ३८ | १३ | २६ | ७ | १४ | २ | ४ | ० | ० |


माथिको तालिकाअनुसार प्राप्ताङ्कको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता देखाएको छ। यस तथ्याङ्कमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूलाई १० पूर्णाङ्कको निबन्धलेखन क्षमतामा सबैभन्दा कम ०-२० E ग्रेड ल्याउने विद्यार्थी १२ प्रतिशत रहेको छ। २०-३० D ग्रेड ल्याउने विद्यार्थी २६ प्रतिशत,

३०-४० D+ ग्रेड ल्याउने १८ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १६ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने १२ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने ६ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने ६ प्रतिशत, ८०-९० A ग्रेड ल्याउने ४ प्रतिशत रहेको छ । जसअनुसार ३० भन्दा कम ल्याउने ३२ प्रतिशत विद्यार्थी कमजोर रहेका छन् । त्यसैगरी ३० देखि ६० सम्म ल्याउने ५८ प्रतिशत विद्यार्थी मध्यम र ६० भन्दा माथि ल्याउने १० प्रतिशत विद्यार्थी उच्च रहेको देखिन्छ ।

त्यस्तैगरी प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरू निबन्धलेखन क्षमता देखाएको छ । उक्त तालिकाअनुसार ०-२० E ग्रेड ल्याउने विद्यार्थी शून्य प्रतिशत रहेको छ । २०-३० D ग्रेड ल्याउने २ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने ४ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १२ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने ३८ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने २६ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने १४ प्रतिशत ८०-९० A ग्रेड ल्याउने ४ प्रतिशत र ९० माथि A+ ग्रेड ल्याउने विद्यार्थी शून्य प्रतिशत रहेको पाइन्छ । जसअनुसार ३० भन्दा कम ल्याउने २ प्रतिशत विद्यार्थी कमजोर रहेका छन् । त्यसैगरी ३० देखि ६० सम्म ल्याउने ८० प्रतिशत विद्यार्थी मध्यम र ६० भन्दा माथि ल्याउने १८ प्रतिशत विद्यार्थी उच्च रहेको पाइयो ।

**चित्र ७**

**प्राप्ताङ्कको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक स्थिति (प्रतिशतमा)**



माथिको स्तम्भ चित्रमा हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीले प्राप्त गरेको प्राप्ताको आधारमा ०-२० E ग्रेड ल्याउने विद्यार्थी १२ प्रतिशत, २०-३० D ग्रेड ल्याउने विद्यार्थी २६ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने १८ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १६ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने १२ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने ६ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने ६ प्रतिशत ८०-९० A ग्रेड ल्याउने ४ प्रतिशत रहेको छ । समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको देखिन्छ । साथै संस्थागत विद्यालयको प्राप्ताङ्कको आधारमा ०-२० E ग्रेड ल्याउने विद्यार्थी ० प्रतिशत, २०-३० D ग्रेड ल्याउने विद्यार्थी २ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने ४ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १२ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने ३८ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने २६ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने १४ प्रतिशत ८०-९० A ग्रेड ल्याउने ४ प्रतिशत रहेको छ । समग्रमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.३.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त नतिजाका आधारमा मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा देखाइएको छ :

**तालिका ८**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना**


| विद्यार्थी समूह | विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मध्यमान | मानक विचलन | मध्यमानभन्दा | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ४.४६ | ३.५४ | २.१० | २२ | ४४ | २८ | ५६ |
| संस्थागत | ५० | | ५.३८ | १.५३ | २८ | ५६ | २२ | ४४ |

तालिका ८ अनुसार विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति देखाएको छ । जसमा

कञ्चनपुर जिल्लाका ५ सामुदायिक र संस्थागत विद्यालयलाई नमुनाका रूपमा लिएको छ। प्रत्येक विद्यालयबाट १०/१० जना दरले जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ। तसर्थ तालिकाअनुसार यहाँ १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४.४६ रहेको छ। त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान र मानक विचलन छुट्टाछुट्टै रहेको छ। जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ३.५४ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ५.३८ रहेको छ। त्यसैगरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन २.१० रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १.५३ देखिन्छ। यसरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या २२ जना अर्थात् ४४ प्रतिशत देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ अर्थात् ५६ प्रतिशत रहेको पाइन्छ। तसर्थ सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको निबन्धलेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता १२ प्रतिशतले बढी देखिएकाले सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको देखिन्छ।

**चित्र ८**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना**



माथिको स्तम्भ चित्रमा सामुदायिक विद्यालयमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ४४ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने ५६ प्रतिशत रहेको छ । त्यस्तै संस्थागत विद्यालयमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ५६ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने ४४ प्रतिशत रहेको देखिन्छ ।

# अध्याय – छ

## लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको अध्ययन

कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूको प्राप्ताङ्कको आधारमा कक्षा सातमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको विश्लेषण गरिएको छ ।

कञ्चनपुर जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्दा लैङ्गिकताका आधारमा विद्यार्थीहरूलाई छात्र र छात्रामा विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिकताका दृष्टिकोणले कक्षा सातमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको व्याख्या तथा विश्लेषण तलको तालिका छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ :

### ६.१ छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा कञ्चनपुर जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका जम्मा ५० जना छात्रहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेमा कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

#### ६.१.१ प्राप्ताङ्कका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा छनोटमा परेका १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र विद्यार्थीहरूलाई मात्र नमुनाको रूपमा लिइएको छ । नमुनाका रूपमा लिइएका छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

## तालिका ९


## प्राप्ताङ्कका आधारमा छात्र विद्यार्थीहरूले निबन्धलेखन क्षमता

| जम्मा विद्यार्थी सङ्ख्या | E ०-२० | | D २०-३० | | D + ३०-४० | | C ४०-५० | | C+ ५०-६० | | B ६०-७० | | B+ ७०-८० | | A ८०-९० | | A + ९० माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | ५ | १० | ८ | १६ | ७ | १४ | ७ | १४ | ९ | १८ | ९ | १८ | ९ | ८ | १ | २ | | |

तालिका ९ अनुसार प्राप्ताङ्कका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखनक्षमता देखाएको छ । जसमा कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूको प्राप्त गरेको प्राप्ताङ्क विश्लेषण गरिएको छ । यस तालिकाअनुसार ५० जना छात्र विद्यार्थीहरूमध्ये ०-२० E ग्रेड ल्याउने १० प्रतिशत, त्यसैगरी २०-३० D ग्रेड ल्याउने १६ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने १४ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १४ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने १८ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने १८ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने ८ प्रतिशत, ८०-९० A ग्रेड ल्याउने २ प्रतिशत रहेको पाइयो । जसअनुसार ३० भन्दा कम ल्याउने २६ प्रतिशत विद्यार्थी कमजोर रहेका छन् । त्यस्तैगरी ३० देखि ६० सम्म ल्याउने ६४ प्रतिशत विद्यार्थी मध्यम र ६० भन्दा माथि ल्याउने १० प्रतिशत विद्यार्थी उच्च रहेको पाइयो ।

चित्र ९

प्राप्ताङ्कको आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता




यसरी संस्थागत र सामुदायिक विद्यालयका छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा विश्लेषण गर्दा ०-२० E ग्रेड ल्याउने १० प्रतिशत, २०-३० D ग्रेड ल्याउने १६ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने १४ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १४ प्रतिशत ५०-६० C+ ग्रेड ल्याउने १८ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने १८ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने ८ प्रतिशत र ८०-९० A ग्रेड ल्याउने २ प्रतिशत रहेको पाइयो जसले गर्दा छात्र विद्यार्थीको निबन्धलेखन क्षमता मध्यम खालको रहेको पाइयो ।

### ६.१.२ मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १०


**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरू निबन्धलेखन क्षमता**

| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४.१२ | ४१.२ | १.९३ | २३ | ४६ | २७ | ५४ |

तालिका १० अनुसार ५० जना छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४.१२ रहेको छ । विद्यार्थीको औसत प्रतिशत ४१.२ देखिन्छ । ५० प्रतिशतभन्दा कम देखिएको कारण विद्यार्थीको निबन्धलेखन क्षमता कमजोर देखिन्छ र समग्र मानक विचलन १.९३ देखिएको कारण प्राप्ताङ्कहरू मध्यमानको नजिक देखिन्छ । यसर्थ विद्यार्थीहरूको प्राप्ताङ्कमा समानता पाउन सकिन्छ । उक्त परीक्षणमा मध्यमानभन्दा माथि ४६ प्रतिशत, त्यसैगरी मध्यमानभन्दा तल ५४ प्रतिशत रहेको पाइन्छ । प्राप्त तथ्याङ्कका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम रहेको देखिन्छ ।

चित्र १०

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**



माथिको चित्रको आधारमा कञ्चनपुरको सामुदायिक विद्यालय र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत छात्रहरूको निबन्धलेखन क्षमतालाई विश्लेषण गर्दा मध्यमानभन्दा माथि ४६ प्रतिशत र मध्यमानभन्दा तल ५४ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

## ६.२ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा कञ्चनपुर जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका जम्मा ५० जना छात्राहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेमा कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

### ६.२.१ प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा छनोटमा परेका १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्रा विद्यार्थीहरूलाई मात्र नमुनाको रूपमा लिइएको छ । नमुनाका रूपमा लिइएका छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

तालिका ११

प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता


| जम्मा विद्यार्थी सङ्ख्या | E ०-२० | | D २०-३० | | D + ३०-४० | | C ४०-५० | | C+ ५०-६० | | B ६०-७० | | B+ ७०-८० | | A ८०-९० | | A + ९० माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | १ | २ | ५ | १० | ४ | ८ | ७ | १४ | १६ | २२ | ७ | १४ | ७ | १४ | ३ | ६ | | |

तालिका ११ अनुसार प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता देखाएको छ । जसमा कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्रा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क विश्लेषण गरिएको छ जसअनुसार ५० जना छात्र विद्यार्थीहरूमध्ये ०-२० E ग्रेड ल्याउने २ प्रतिशत, २०-३० D ग्रेड ल्याउने १० प्रतिशत ३०-४० D+ ग्रेड ल्याउने ८ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १४ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने ३२ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने १४ प्रतिशत ७०-८० B+ ग्रेड ल्याउने १४ प्रतिशत, ८०-९० A ग्रेड ल्याउने ६ प्रतिशत रहेको पाइयो । जसअनुसार ३० भन्दा कम

ल्याउने १२ प्रतिशत विद्यार्थी कमजोर रहेका छन् । त्यस्तै गरी ३० देखि ६० सम्म ल्याउने ६८ प्रतिशत विद्यार्थी मध्यम र ६० भन्दा माथि ल्याउने २० प्रतिशत विद्यार्थी उच्च रहेको देखिन्छ ।

**चित्र ११**

**प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




प्रस्तुत प्राप्ताङ्कका आधारमा हेर्दा ०-२० E ग्रेड ल्याउने २ प्रतिशत, २०-३० D ग्रेड ल्याउने विद्यार्थी १० प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने विद्यार्थी ८ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १४ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने विद्यार्थी ३२ प्रतिशत ६०-७० B ग्रेड ल्याउने १४ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने १४ प्रतिशत, ८०-९० A ग्रेड ल्याउने ६ प्रतिशत रहेको पाइयो । समग्रमा कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

### ६.२.२ मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको मध्यमान, प्रतिशत र मानक विचलनको आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका १२


**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता**

| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४.८ | ४८ | १.७६ | ३३ | ६६ | १७ | ३४ |

तालिका १२ अनुसार कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्धलेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४.८ रहेको छ । विद्यार्थीको औसत प्रतिशत ४८ देखिन्छ । ५० प्रतिशतभन्दा कम देखिएका कारण विद्यार्थीको निबन्धलेखन क्षमता मध्यम देखिन्छ र समग्र मानक विचलन १.७६ देखिएका कारण प्राप्ताङ्कहरू मध्यमानको नजिक देखिन्छ । यसर्थ विद्यार्थीहरूको प्राप्ताङ्कमा समानता पाउन सकिन्छ । उक्त तालिकाको मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थी ६६ प्रतिशत रहेको छ भने मध्यमानभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थी ३४ प्रतिशत रहेको छ। समग्रमा छात्राहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइयो ।

## चित्र १२

**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्रा विद्यार्थी निबन्धलेखन क्षमता**



प्रस्तुत स्तम्भ चित्रका आधारमा मध्यमानभन्दा माथि ६६ प्रतिशत र मध्यमानभन्दा तल प्राप्त गर्ने विद्यार्थी ३४ प्रतिशत रहेको छ ।

## ६.३ छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा छनोटमा परेका १०० जना छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति निम्नानुसार रहेको छ :

### ६.३.१ प्राप्ताङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा छनोटमा परेका १०० जना छात्र र छात्रा विद्यार्थीहरूलाई मात्र नमुनाको रूपमा लिइएको छ । नमुनाका रूपमा लिइएका छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

तालिका १३

**प्राप्ताङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरूले निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति**


| विद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | E ०-२० | | D २०-३० | | D + ३०-४० | | C ४०-५० | | C+ ५०-६० | | B ६०-७० | | B+ ७०-८० | | A ८०-९० | | A + ९० माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| छात्र | ५० | ५ | १० | ८ | १६ | ७ | १४ | ७ | १४ | ९ | १८ | ९ | १८ | ९ | ८ | १ | २ | | |
| छात्रा | ५० | १ | २ | ५ | १० | ४ | ८ | ७ | १४ | १६ | २२ | ७ | १४ | ७ | १४ | ३ | ६ | | |

माथिको तालिकाअनुसार प्राप्ताङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता देखाएको छ । जसमा कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्र र छात्रा विद्यार्थीहरूको प्राप्त गरेको प्राप्ताङ्क विश्लेषण गरिएको छ । यस तालिकाअनुसार ५० जना छात्र विद्यार्थीहरूमध्ये ०-२० E ग्रेड ल्याउने १० प्रतिशत, त्यसैगरी २०-३० D ग्रेड ल्याउने १६ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने १४ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १४ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने १८ प्रतिशत, ६०-७० B ग्रेड

ल्याउने १८ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने ८ प्रतिशत, ८०-९० A ग्रेड ल्याउने २ प्रतिशत रहेको पाइयो । जसअनुसार ३० भन्दा कम ल्याउने २६ प्रतिशत विद्यार्थी कमजोर रहेका छन् । त्यस्तैगरी ३० देखि ६० सम्म ल्याउने ६४ प्रतिशत विद्यार्थी मध्यम र ६० भन्दा माथि ल्याउने १० प्रतिशत विद्यार्थी उच्च रहेको पाइयो । त्यस्तै प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता देखाएको छ । जसमा कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्रा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क विश्लेषण गरिएको छ जसअनुसार ५० जना छात्र विद्यार्थीहरूमध्ये ०-२० E ग्रेड ल्याउने २ प्रतिशत, २०-३० D ग्रेड ल्याउने १० प्रतिशत ३०-४० D+ ग्रेड ल्याउने ८ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १४ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने ३२ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने १४ प्रतिशत ७०-८० B+ ग्रेड ल्याउने १४ प्रतिशत, ८०-९० A ग्रेड ल्याउने ६ प्रतिशत रहेको पाइयो । जसअनुसार ३० भन्दा कम ल्याउने १२ प्रतिशत विद्यार्थी कमजोर रहेका छन् । त्यस्तै गरी ३० देखि ६० सम्म ल्याउने ६८ प्रतिशत विद्यार्थी मध्यम र ६० भन्दा माथि ल्याउने २० प्रतिशत विद्यार्थी उच्च रहेको देखिन्छ ।

**चित्र १३**

**प्राप्ताङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति**



यसरी संस्थागत र सामुदायिक विद्यालयका छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा विश्लेषण गर्दा ०-२० E ग्रेड ल्याउने १० प्रतिशत, २०-३० D ग्रेड ल्याउने १६ प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने १४ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १४ प्रतिशत ५०-६० C+ ग्रेड ल्याउने १८ प्रतिशत, ६०-७० B ग्रेड ल्याउने १८ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने ८ प्रतिशत र ८०-९० A ग्रेड ल्याउने २ प्रतिशत रहेको पाइयो जसले गर्दा छात्र विद्यार्थीको निबन्धलेखन क्षमता मध्यम खालको रहेको पाइयो । त्यस्तै छात्रा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा विश्लेषण गर्दा ०-२० E ग्रेड ल्याउने २ प्रतिशत, २०-३० D ग्रेड ल्याउने विद्यार्थी १० प्रतिशत, ३०-४० D+ ग्रेड ल्याउने विद्यार्थी ८ प्रतिशत, ४०-५० C ग्रेड ल्याउने १४ प्रतिशत, ५०-६० C+ ग्रेड ल्याउने विद्यार्थी ३२ प्रतिशत ६०-७० B ग्रेड ल्याउने १४ प्रतिशत, ७०-८० B+ ग्रेड ल्याउने १४ प्रतिशत, ८०-९० A ग्रेड ल्याउने ६ प्रतिशत रहेको पाइयो । समग्रमा कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

### ६.३.२ मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

प्राप्त तथ्याङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १४**

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति**


| विद्यार्थी समूह | विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ४.४६ | ४.१२ | ४१.२ | १.९३ | २३ | ४६ | २७ | ५४ |
| छात्रा | ५० | | ४.८ | ४८ | १.७६ | ३३ | ६६ | १७ | ३४ |

तालिका १४ अनुसार लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति देखाइएको छ। तालिकाअनुसार समग्र विद्यार्थीहरूको मध्यमान ४.४६ रहेको छ भने छात्रा र छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क मध्यमान र मानक विचलन छुट्टाछुट्टै रहेको छ । जसअन्तर्गत छात्रहरूले प्राप्त गरेको मध्यमान ४.१२, मानक विचलन १.९३ रहेको छ । त्यसैगरी छात्राहरूले प्राप्त गरेको मध्यमान ४.८ र मानक विचलन १.७६ रहेको पाइन्छ ।

त्यसैगरी छात्रहरूले प्राप्त गरेको मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २३ र प्रतिशत ४६ र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २७ र प्रतिशत ५४ प्रतिशत देखिन्छ । त्यसैगरी छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई हेर्दा मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्राहरूको सङ्ख्या ३३ र प्रतिशत ६६ छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने छात्राहरूको सङ्ख्या १७ र प्रतिशत ३४ रहेको पाइयो । तसर्थ छात्र र छात्राहरूको निबन्धलेखन क्षमतालाई तुलना गरेर हेर्दा छात्राहरूको निबन्धलेखन क्षमता २० प्रतिशतले बढी देखिन्छ ।

**चित्र १४**

**छात्रा र छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना**



माथिको तथ्याङ्कलाई केलाउँदा छात्रहरूको भन्दा छात्राहरूको निबन्धलेखन क्षमता २० प्रतिशतले बढी देखिन्छ । यसर्थ कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक विश्लेषण गर्दा छात्रको तुलनामा छात्राको निबन्धलेखन क्षमता उच्च रहेको पाइयो ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये निबन्ध लेखाइ सीपअन्तर्गत पर्दछ । विद्यार्थीहरूमा शुद्ध र स्तरीय भाषा प्रयोग गर्न, बोध र अभिव्यक्ति क्षमताको विकास गर्न र शब्दभण्डारको अभिवृद्धि गर्नका लागि लेखाइ सीपले उल्लेखनीय भूमिका खेल्दछ । निबन्धलेखन लेखन कला सीपको उच्च स्तरीय सीपअन्तर्गत पर्दछ । त्यसैले प्रारम्भिक तहबाटै विद्यार्थीहरूको लेखन सीपको विकास गर्नका लागि निबन्धलेखन आवश्यकता पर्दछ ।

यस अध्ययनमा प्रस्तुत शोधकार्यलाई पहिलो, दोस्रो, तेस्रो, चौथौ, पाँचौ, छैटौ र सातौँ गरी जम्मा सात अध्याय विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकमा शोधको परिचय र यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य, शोधको सीमाङ्कन आदि पर्दछन् ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा समेटिएको छ । यस अन्तर्गत अभिव्यक्ति कलाको परिचय, लेखनका प्रकार, लेखाइ सीपका कार्यकलाप, निबन्धलेखनको परिचय, निबन्धका प्रकार, निबन्धको ढाँचा वा स्वरूप, निबन्ध लेखनमा ध्यान दिनुपर्ने पक्षहरू, निबन्ध शिक्षणको आवश्यकता र प्रयोजन आदि समेटएको छ ।

अध्याय तीनमा शोधविधि र प्रक्रियालाई राखिएको छ । जसअन्तर्गत शोधविधिमा क्षेत्रीय अध्ययन विधि, अध्ययन प्रक्रियामा जनसङ्ख्याको पहिचान, नमुना छनोट पद्धति र नमुना जनसङ्ख्या, सामग्री सङ्कलनका स्रोतका प्राथमिक स्रोत, द्वितीयक स्रोत, पूर्वपरीक्षण, तथ्याङ्कको विश्लेषण र शोधपत्रको रूपरेखालाई समेटिएको छ ।

अध्याय चारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई प्रस्तुत गरिएको छ ।

अध्याय पाँचअन्तर्गत विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

अध्ययन छमा लैङ्गिकताको आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय सातअन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

समग्रमा हेर्दा विद्यार्थीहरूले निबन्धलेखनका क्रममा विषयवस्तुलाई आदि, मध्य र अन्त्यको ढाँचामा मिलाएर लेख्न जानेको देखियो । भाषाशैली राम्रो भए तापनि विद्यार्थीहरूको भाषिक शुद्धताको पनि कमजोरी देखियो । विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क, मध्यमान र मानक विचलन, प्रतिशतको आधारमा हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको निबन्धलेखन क्षमता राम्रो रहेको पाइयो । त्यसैगरी लैङ्गिकताका आधारमा विद्यार्थीहरूको लेखन क्षमताको तुलना गर्दा छात्रहरूको तुलनामा छात्राहरूको निबन्धलेखन क्षमता उच्च रहेको देखिन्छ ।

## ७.२ निष्कर्ष

भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये लेखाइ सीप महत्त्वपूर्ण सीप हो । भाषाको दाँजोमा भाषाको लिखित रूपलाई शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा प्रयोग गरिन्छ । मानिसका ज्ञान तथा अनुभवलाई संरचित गर्नु, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा फैलाउन भाषाको लिखित रूपको महत्त्वपूर्ण भूमिका रहेका छन् । त्यसैले विद्यालयको प्रारम्भिक तहबाटै विद्यार्थीहरूमा लेखन सीपको विकास गराउनको लागि निबन्धलेखनको आवश्यकता पर्दछ । यहाँ कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ :

- समग्रताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको मूल्याङ्कन गर्दा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४.४६ रहेको छ । मध्यमानभन्दा माथि ५५ प्रतिशत, मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी ४५ प्रतिशत र मानक विचलन १.८५ रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

- विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरू प्राप्त गरेको मध्यमान ३.५४ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्त गरेको मध्यमान ५.३८ रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थी ४४ प्रतिशत देखिन्छ भने मध्यमानभन्दा कम ५६ प्रतिशत देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयको मध्यमानभन्दा माथि ५६ प्रतिशत र मध्यमानभन्दा तल ४४ प्रतिशत रहेको देखिन्छ । अतः माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यालयको तुलना संस्थागत विद्यालयको निबन्धलेखन क्षमता उच्च रहेको देखिन्छ ।

- लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको मूल्याङ्कन गर्दा छात्रा विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ४.८ रहेको छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने छात्रा विद्यार्थी ६६ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने ३४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी छात्र विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ४.१२ रहेको छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने छात्र विद्यार्थी ४६ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने छात्र विद्यार्थीहरू ५४ प्रतिशत रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कको आधारमा छात्रहरूको तुलनामा छात्राहरूको निबन्धलेखन क्षमता उच्च रहेको देखिन्छ ।

- विद्यार्थीहरूका निबन्धलेखन क्षमताको विकास गराउने क्रममा विद्यालयमा निबन्धलेखनको अभ्यास प्रशस्त मात्रामा नगराएको पाइयो ।

- निबन्धलेखनमा विद्यार्थीहरूले प्रयोग गरेको भाषाशैली राम्रो देखियो भने भाषिक शुद्धतामा भने कमजोर रहेको पाइयो ।

- लेखन सीप विकासमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू अगाडि रहेको पाइयो ।
- संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत छात्रहरूभन्दा छात्रा विद्यार्थीहरू नै लेखन सीपमा अगाडि रहेको पाइयो ।
- विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका रूपमा निबन्धलेखनलाई नसमेटिएको पाइयो ।

## ७.३ उपयोगिता

प्रस्तुत अध्ययनका उपयोगिताहरू निम्नानुसार रहेका छन् :

- यस अध्ययनले निबन्धलेखन क्षमतासँग सम्बन्धित अन्य लेखन क्षमताको अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याएको छ ।
- सम्बन्धित प्रारम्भिक तहका विद्यार्थीहरूमा नेपाली भाषाको लेखाइ क्षमता बढाउन, शब्दभण्डार अभिवृद्धि गर्न, शुद्ध र मानक भाषाको प्रयोग गर्न सहयोग पुऱ्याएको छ ।
- भावी दिनहरूमा निबन्ध लेखनसम्बन्धी अध्ययन अनुसन्धान गर्न सहयोग मिल्ने छ ।
- विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गराउन सहयोग गर्नेछ ।
- कञ्चनपुर जिल्लाका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्न सहयोग पुग्नेछ ।
- भाषा शिक्षणका विधि तथा पद्धतिहरूमा पनि सहयोग गर्नेछ ।
- प्रारम्भिक तहमा हुने अतिरिक्त क्रियाकलापका रूपमा निबन्धलाई समेट्न,
- निबन्धलेखन र निबन्ध शिक्षणको आवश्यकता र महत्त्वबारे जानकारी प्रदान गर्न,
- यस अध्ययनबाट प्रारम्भिक तहमा नेपाली भाषा पाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्नेछ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०७१), *आधुनिक नेपाली निबन्ध र समालोचना,* काठमाडौँ : पाठशाला पब्लिकेसन प्रा.लि. ।

गिरी, देवा (२०७३), *दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घर्ती, प्रेमकुमारी (२०७४), *रोल्पा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

जोशी, सरिताकुमारी (२०७२), *बझाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

डाँगी, सुरेन्द्र (२०७१), *सल्यान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन ।

तिमल्सिना, लक्ष्मी (२०७४), *धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

थापा, किसन (२०७१), *निबन्धैनिबन्ध तथा चिठीपत्रहरू,* काठमाडौँ : के.पी. पुस्तक भण्डार ।

न्यौपाने, श्रीराम (२०६५), *नेपाली नाटक, एकाङ्की र निबन्ध,* काठमाडौँ : पैरवी प्रकाशन ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७४), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०७०), *भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बराल, ईश्वर (२०५५), *नेपाली साहित्यकोश,* काठमाडौँ : ने.रा.प्र.प्र. ।

बेल्वासे, लक्ष्मी (२०६९), 'अर्घाखाँची जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन, शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भट्टराई, गणेशप्रसाद र लुइटेल, गुणराज (२०७५), *आधारभूत नेपाली निबन्धमाला,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भण्डारी, पारसमणि (२०७५), *व्यावहारिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७१), *भाषाविज्ञान,* काठमाडौँ : पाठशाला पब्लिकेसन ।

लम्साल, रामचन्द्र र अन्य (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामा, अनिलकुमार (२०६९), 'काभ्रेपलाञ्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, राजेन्द्र (२०४३), *स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,* काठमाडौँ : साझा प्रकाशन ।

# परिशिष्ट एक

## अध्ययनका क्रममा छनोट गरिएका विद्यालयको नामावली

सामुदायिक विद्यालयहरू

४. श्री गणेश आधारभूत विद्यालय

३. श्री भुवनेश्वरी माध्यमिक विद्यालय

५. श्री रत्न मा.वि.

१. श्री शारदा मा.वि.

२. श्री सिद्धनाथ आधारभूत विद्यालय

संस्थागत विद्यालयहरू

१. श्री अरनिको अङ्ग्रेजी स्कुल

४. श्री आस्था पुञ्ज एकेडेमी

२. क्यास्पियन ऐकेडेमी

५. श्री बाल संसार अङ्ग्रेजी बोडिङ स्कुल

३. श्री शिशु विद्या मन्दिर

## परिशिष्ट दुई

## अध्ययनका क्रममा छनोटमा परेका सामुदायिक र संस्थागत विद्यायका विद्यार्थीहरूको नामावली

सामुदायिक विद्यालयका अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्क विवरण

| क.सं. | छात्र | प्राप्ताङ्क | क.स. | छात्रा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | सागर दमाइ | ४ | १ | यसोदा भण्डारी | ६ |
| २ | सन्तोष सार्की | ७ | २ | नितु पन्त | ४ |
| ३ | सुरेन्द्र सिंह कार्की | २ | ३ | सुप्रिया अवस्थी | ३ |
| ४ | चन्दन खत्री | २ | ४ | सिमा मल्ल | ३ |
| ५ | रेसम भट्ट | ६ | ५ | बाजेश्वरी पनेरु | ४ |
| ६ | सतिस बोहरा | २ | ६ | सावित्री गिरी | ५ |
| ७ | खेम बटाला | १ | ७ | मनिसा सिंह | ७ |
| ८ | निरज दास | ३ | ८ | अम्विका अवस्थी | ५ |
| ९ | सुवास मल्ल | ३ | ९ | दिक्षा अवस्थी | ८ |
| १० | आकास सिंह | ३ | १० | रीतिका आउजी | २ |
| ११ | राकेश वि.क. | ५ | ११ | कविता चौधरी | ७ |
| १२ | रिदम जोशी | ३ | १२ | दिपिका भट्ट | ५ |
| १३ | चुडामणि अवस्थी | ४ | १३ | दिपान्सी राना | ५ |
| १४ | राजेश सार्की | ३ | १४ | दिपा सेठी | ५ |
| १५ | विशाल चौधरी | ४ | १५ | खुवी धानुक | ६ |
| १६ | रमेश प्रसाद जोशी | ८ | १६ | निशा मल्ल | ३ |
| १७ | विजय राज गिरी | २ | १७ | सुस्मिता बलायर | ४ |
| १८ | आयुस मल्ल | २ | १८ | निता भट्ट | २ |
| १९ | रमेश भट्ट | ४ | १९ | अन्जु विष्ट | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | चेतराज दमाइ | २ | २० | निर्मला विष्ट | २ |
| २१ | दिपक दमाइ | १ | २१ | ह्वेसा कुमारी सार्की | ४ |
| २२ | नरेन्द्र नाथ | १ | २२ | राजेश्वरी राना | १ |
| २३ | लोकेन्द्र राना | १ | २३ | गुड्डी राना | २ |
| २४ | सन्तोष सार्की | २ | २४ | अंजली लुहार | ३ |
| २५ | दिपक धामी | १ | २५ | राधा सार्की | २ |

संस्थागत विद्यालयका अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्कको वितरण

| क.सं. | छात्र | प्राप्ताङ्क | क.स. | छात्रा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | निराजन भण्डारी | ६ | १ | गीता भट्ट | ७ |
| २ | सोहन लुहार | २ | २ | ससी राना | ५ |
| ३ | अमित लुहार | ५ | ३ | यसोदा पनेरु | ५ |
| ४ | साहिल लुहार | ३ | ४ | कविता अवस्थी | ४ |
| ५ | कसिस जैगडी | ४ | ५ | प्रश्ना बैज | ५ |
| ६ | योगेश चन्द | ५ | ६ | ललिता भट्ट | ४ |
| ७ | दिपेश जोशी | ५ | ७ | प्रिति जोशी | ५ |
| ८ | कवि विष्ट | ५ | ८ | श्रुति बोहरा | ६ |
| ९ | राजेश भट्ट | ६ | ९ | सावित्री भट्ट | ५ |
| १० | हिमाल भट्ट | ५ | १० | शिखा जोशी | ८ |
| ११ | प्रवेश शाहु | ५ | ११ | प्रमिला बोहरा | ५ |
| १२ | विवेक रोका | ५ | १२ | मनिषा रावत | ५ |
| १३ | वासुदेव भट्ट | ६ | १३ | सविता भट्ट | ७ |
| १४ | प्रजोल शाहु | ६ | १४ | सिता ठकुल्ला | ५ |
| १५ | तीर्थराज भट्ट | ६ | १५ | जानकी भट्ट | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | खगेस जोशी | ६ | १६ | युनिमा शर्मा | ६ |
| १७ | राहुल वि.क. | ५ | १७ | मेनुका भट्ट | ७ |
| १८ | दिनेश खत्री | ७ | १८ | सावित्री जोशी | ६ |
| १९ | सुरज जोशी | ७ | १९ | हेमलता धामी | ७ |
| २० | विनायक भण्डारी | ७ | २० | गंगा चौधरी | ६ |
| २१ | डिम्पल भट्ट | ३ | २१ | प्रिती मल्ल | ४ |
| २२ | राज नाघ | ६ | २२ | रेखा पाण्डेय | ५ |
| २३ | भुवन भट्ट | ४ | २३ | एन्जिला मल्ल | ५ |
| २४ | किरण रोस्यारा | ४ | २४ | सरस्वती भट्ट | ५ |
| २५ | भुवन बलायर | ६ | २५ | सीता विष्ट | ६ |

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | सरस्वती धानुक |
| स्थायी ठेगाना | : | दैजी १, कञ्चनपुर |
| नागरिकता | : | नेपाली |
| भाषा | : | डोटेली |
| बाबुको नाम | : | नारायण धानुक |
| आमाको नाम | : | धौली देवी धानुक |
| धर्म | : | हिन्दू |
| लिङ्ग | : | महिला |
| शैक्षिक योग्यता | : | एम. एड. |
| सर्म्पक नं. | : | ९८६०२३३८०४ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|
| एस.एल.सी. | श्री शारदा माध्यमिक विद्यालय, कञ्चनपुर | २०६६ |
| +२ | श्री बाल जागृति उ.मा.वि., कञ्चनपुर | २०६८ |
| स्नातक | जनज्योति बहुमुखी क्याम्पस, कञ्चनपुर | २०१५ |
| स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौं | अध्ययनरत |